# स्थानीय राजपत्र

**भाग : २, खण्ड : ७, संख्या १५, राजपत्रमा प्रकाशित मिति २०८१।०३।३०**

कार्यपालिकाबाट स्वीकृती मिति : २०८१।०३।२७
प्रमाणिकरण मिति : २०८१।०३।३०

**दिपायल सिलगढी नगरपालिका, डोटी**

# दिपायल सिलगढी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यबिधि, २०८१

## प्रस्तावना

यस नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राबिधिक कर्मचारीहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न प्राबिधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनिय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि दिपायल सिलगढी नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि वनाइ जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१)यस कार्यविधिको नाम "दिपायल सिलगढी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा:

(क) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले दिपायल सिलगढी नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले दिपायल सिलगढी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि ,२०८१ सम्झनु पर्दछ ।

(ङ) "प्राबिधिक कर्मचारी"भन्नाले दिपायल सिलगढी नगरपालिका, पूर्वाधार विकास शाखा अन्तर्गत कार्यारत स्थायी तथा करार सेवा अन्तर्गत कार्यरत इन्जिनियर, सब-इन्जिनियर,असिष्टेन्ट सब-इन्जिनियर र अमिन सम्झनु पर्दछ ।

३. फिल्ड भत्ता प्राप्त गर्ने आधार:

(१)यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनु पर्नेछ । आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनु पर्नेछ।

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राबिधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण सम्बन्धित कर्मचारीले अनुसूची-१ बमोजिमको विवरण तयार गरि शाखा प्रमुखको सिफारिसमा प्रशासन मार्फत पेश गर्नु पर्दछ ।

(३) उपदफा (१) बमोजिम काम गरेको कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछ ।

| सी.नं. | पद/तह/स्तर | प्राप्त हुने मासिक फिल्ड भत्ता |
|---|---|---|
| १. | इन्जिनियर | तलबको २५% ले हुन आउने रकम |
| २. | सब-इन्जिनियर | तलबको २५% ले हुन आउने रकम |
| ३. | असिष्टेन्ट सब-इन्जिनियर र अमिन | तलबको २५% ले हुन आउने रकम |

४. भुक्तानी बिधि: २०८१ साल श्रावण महिना देखि दफा ३ बमोजिमका प्राबिधिक कर्मचारीको तलबमा थप प्राबिधिक फिल्ड भत्ता समाबेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ ।

५. कार्यविधिको बाख्या: यो कार्यविधिको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

६. थपघट तथा हेरफेर: आवश्यकता, प्राथमिकता एबं सन्दर्भलाई समेत मध्य नजर गरी कार्यपालिकाले प्रचलित कानुनसंग नबाझिने गरि यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सकिनेछ ।

## अनुसुची-१

२०........साल ........................महिनामा फिल्डमा गेरको कामको मासिक प्रगति विवरण

कर्मचारीको नाम: पद:

| सी.नं. | मिति | फिल्डमा गरेको कामको विवरण | अपेक्षित उपलब्धिहरु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कर्मचारीको दस्तखत: सिफारिस गर्ने:

प्रमाणित गर्ने:

॥ समाप्त ॥

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत